# लैङ्गिक समानता र सामाजिक समावेशीकरण

## लैङ्गिक हिंसा र महिला तथा दलित माथि हुने भेदभावका प्रवृत्ति

घटना–अनुगमन प्रतिवेदन सन् २०१७



USAID अमेरिकी जनताबाट

The Asia Foundation

COCAP

लैङ्गिक समानता र सामाजिक समावेशीकरण (जेसी) सम्बन्धी मुद्दामा केन्द्रित यो प्रतिवेदन शान्तिका लागि साझा अभियान (कोक्याप) – नेपाल मोनिटरको नेपाल शान्ति अनुगमन परियोजना अन्तर्गत संकलित तथ्यांकहरूमा आधारित छ। यो परियोजनाले राष्ट्रिय पत्रपत्रिकाका साथै विभिन्न २५ जिल्लाबाट प्रकाशित स्थानीय पत्रिकाहरू र प्रहरी, मानव अधिकारवादी संगठनहरू, नागरिक समाजका संगठनहरू र नागरिकहरूबाट प्रत्यक्ष प्राप्त हुने सूचना तथा जानकारीहरू मार्फत तथ्यांक संकलन गर्छ। यो प्रतिवेदनको उद्देश्य लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा कार्यरत साझेदारहरूका लागि सन् २०१७ मा अभिलेखिकरण गरिएका घटनाहरूबाट प्राप्त निष्कर्ष प्रस्तुत गर्नु हो। साथसाथै कुनै पनि जातिय, लैङ्गिक र वर्गीय हिंसा या द्वन्द्वबारे सम्बन्धित सरकारी अधिकारी र निकायलाई पूर्व जानकारी दिने र सोको सम्बोधन गर्ने संयन्त्र तयार गर्नका लागि झकझक्याउनु हो। यो व्यक्तिबाट व्यक्ति विधि (पीटुपी) द्वारा द्वन्द्व न्यूनीकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरू कार्यान्वयनमा सुधार गर्नका लागि कोक्याप – नेपाल मोनिटरले गरेका कार्यको एउटा भाग हो।

प्रतिदावी (Disclaimer): यो "लैङ्गिक समानता र सामाजिक समावेशीकरण : घटना–अनुगमन प्रतिवेदन सन् २०१७" अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) मार्फत् अमेरिकी जनताहरु र द एसिया फाउण्डेसन (TAF) को सहयोगमा सम्भव बनेको हो। यस प्रतिवेदन भित्रका विषयबस्तु र सामग्री शान्तिका लागि साझा अभियान (कोक्याप) को एकल जिम्मेवारी हुन् र तिनले यूएसएआईडी वा अमेरिकी सरकार र द एसिया फाउण्डेसनको विचार प्रतिविम्वित गर्छन भन्ने जरुरी छैन।

This work is licensed under a Creative Commons Attribution-ShareAlike 4.0 International License by COCAP

## सीएम–जेसी (CM-GESI) परियोजना

२७ जुलाई २०१५ मा एशिया फाउण्डेशनलाई यूएसएआईडीले व्यक्तिबाट व्यक्ति (पीटुपी) अवधारणा अन्तर्गत द्वन्द्व न्यूनीकरण गर्ने र लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा सुधार ल्याउने सीएम–जेसी परियोजना सञ्चालन गर्न सहयोग प्रदान गरेको छ। एशिया फाउण्डेशन र यसका साझेदारहरू वुमन याक्ट (डब्लूए), दलित एनजीओ फेडरेशन (डीएनएफ), जागरण मिडिया सेन्टर (जेएमसी), इन्हुरेड इन्टरनेशनल, सामुदायिक मेलमिलापकर्ता समाज नेपाल (सिएमएस) र कोक्याप–नेपाल मोनिटर नेपालका दश जिल्लामा कार्यरत छन् : काठमाडौं, कैलाली, कास्की, नुवाकोट, सिन्धुली, धादिङ, रामेछाप, दोलखा, अछाम र रसुवा। यो परियोजनाका निम्न उद्देश्य छन्

१) स्थानीय जेसी सेवा प्रदायक संस्थाहरूका मुख्य अभियन्ताहरूको मनोवृत्ति र व्यवहारमा रूपान्तरण ल्याउने।

२) जेसीका प्रमाणित नतिजाहरू र विश्लेषणको प्रयोगलाई अभिवृद्धि गर्न साझेदारहरूलाई र व्यक्तिबाट व्यक्ति –People to People (P2P पीटुपी) गतिविधिलाई मद्दत गर्ने जसले मनोवृत्ति र व्यवहारमा रूपान्तरण ल्याउन सघाउँछ।

३) साझेदारहरूबीचको वार्तालाई प्रवर्धन गर्ने र दलित तथा महिला समूहको स्थानीय तहमा सहकार्य र पैरवी गर्ने क्षमता अभिवृद्धि गर्ने।

४) पीटुपी अवधारणा अन्तर्गत स्थानीय सेवा प्रदायक निकायहरूमा जेसी–संवेदनशील निर्णय प्रकृयालाई संस्थागत गर्ने।

## लक्षित क्षेत्रहरू

स्थानीय साझेदारहरूसँग सरसल्लाह गरी एशिया फाउण्डेशनले विभिन्न नौ आर्थिक र सामाजिक सूचक एवं भूकम्पको प्रभाव समेतलाई सामेल गरी दश जिल्ला चयन गरेको थियो।[1] जिल्लाहरूलाई तीन तहमा बाँडिएको थियो र प्रत्येक तहबाट जिल्ला छानिएको थियो। तर, यसरी छान्दा कुनै जिल्लाका सीमा नजोडिएका हुन् भन्नेमा ध्यान दिइएको थियो। प्रत्येक तहमा एउटा भूकम्प–प्रभावित र अर्को भूकम्प प्रभावित नभएको जिल्ला छानिएको थियो। जेसी अवधारणालाई विपत्ती पश्चातको पुनर्निर्माण प्रकृयामा प्रयोग गर्दाका चुनौतीबारे तुलनात्मक विश्लेषण गर्न यसले परियोजनालाई सघाउने ठानिएको छ।

पहिलो तह : काठमाडौं र कास्की

दोस्रो तह : कैलाली, सिन्धुली, दोलखा, रसुवा, नुवाकोट र धादिङ

तेस्रो तह : अछाम र रामेछाप

यस शान्ति अनुगमन परियोजनाबाट संकलित र विश्लेषित लैङ्गिक हिंसा र महिला तथा दलितमाथि हुने विभेद सम्बन्धी घटना र परिदृश्यबारे परियोजनाका सबै साझेदार र सरोकारवालाहरूलाई सूचित गराइन्छ। परियोजना अन्तर्गत द्वन्द्व न्यूनीकरण गर्न र जेसी नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि बनाइएका ४० वटा व्यक्तिबाट व्यक्ति (पीटुपी) समूहका लागि मुख्य रूपमा यो उपयोगी भएको छ। परियोजना अन्तर्गत जेसी–सेवा प्रदायकहरू, निर्वाचित जनप्रतिनिधिहरू, पीटुपी सदस्यहरू, र अरू सम्बन्धित सरोकारवालाहरूसँग सूचना/जानकारी प्रवाह गरिएको थियो। यी संकलित र विश्लेषित तथ्यांकहरूले सचेतना बढाउने, कुनै पनि प्रकारका हिंसा हुन नदिने, र भएका घटनालाई दर्ता गराउनेमा (अझै कतिपय दर्ता गरिँदैनन्) उपयोगी हुने ठानिएको छ।

सीएम–जेसी परियोजना समूह र व्यक्तिबाट व्यक्ति (पीटुपी) सदस्यहरूले शान्ति अनुगमन परियोजना अन्तर्गत अभिलेखिकरण भएका र स्थानीय साझेदारहरूसँगको सहकार्यमा सम्पन्न गरिएका केही महत्वपूर्ण योगदान यस प्रकार छन् :

- अछाममा छाउपडी प्रथाका कारण मृत्युभएकी एक किशोरीबारे स्थानीय सरोकार समूहहरूलाई सुसूचित गरिएको
- चाल्लाखेल, दक्षिणकालीमा यौन–उत्पीडकलाई कडा कारवाही गर्न दबाब दिँदै स्थानीय प्रहरीलाई जनउत्तरदायी हुन लगाएको
- काठमाडौंमा दुई जना दलित पत्रकारलाई उनीहरूको जातका आधारमा घर–बहालमा दिन अस्वीकार गरी जातीय विभेद गर्ने घर–मालिक विरुद्ध सम्बन्धित सरकारी निकायहरूलाई जानकारी गराएको
- कैलालीमा बोक्सीको आरोप लगाई दुर्व्यवहार र हिंसा गरिएको घटनाको विरोध गर्न पैरवी समूह गठन गरेको
- कास्कीमा दलित समुदायका लागि १३ दिने मृत्युसंस्कार गर्ने सुरक्षित स्थान र वातावरण तयार गरेको

परियोजना अन्तर्गत अभिलेखबद्ध गरिएका घटनाहरू नेपाल मोनिटरको वेबसाइट www.nepalmonitor.org मा हेर्न सकिन्छ।

१ Mega Publications and Research Center ले विभिन्न सरकारी तथा गैर सरकारी स्रोतबाट तथ्यांक संकलन गरि समग्रमा District Development Profile प्रकाशन गर्दछ। सो Profile ले देशका ७५ वटै जिल्लालाई विभिन्न आठ आर्थिक तथा सामाजिक विकास सुचकांकमा श्रेणीवद्ध गर्दछ। जस्तैः गरिबीमा कमी, सामाजिक–आर्थिक तथा पुर्वाधारमा कमी, बालबालिकामा हुने कमी, लैङ्गिक विभेद, महिला सशक्तिकरण, स्वास्थ्य विकास, प्राथमिक क्षेत्र विकास, र पूर्वाधारमा विकास। सीएम–जेसी परियोजना जिल्ला छनौटको लागि प्रयोग गरिएको नवौं सुचकांक २०१५ को भुकम्पको प्रभावमा आधारित थियो।

## विधि बनाउनमा अघि, कार्यान्वयनमा पछि

नेपाल थुप्रै मानव अधिकारसम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र हो। यी महासन्धिहरूले लैङ्गिक समानता, सामाजिक न्याय र अविभेदतर्फ सरकारको प्रतिबद्धता दर्शाउँछन्।[२] यस बाहेक, संयुक्त राष्ट्र संघले तय गरेको दिगो विकासको पाँचौं लक्ष्यमा पनि नेपाल सरकारले प्रतिबद्धता जनाएको छ, जस अन्तर्गत लैङ्गिक समानता एवं सबै बालबालिका तथा महिलालाई सशक्तीकरण गर्ने कुरा पर्दछन्।[३] सन् २०३० सम्ममा ज्यालामा हुने विभेदका साथै भौतिक र यौन-हिंसाको अन्त्य र सार्वजनिक सेवामा महिलालाई नेतृत्वदायी पदहरूमा पुऱ्याउने जस्ता प्रतिबद्धता पनि सोही पाँचौं लक्ष्यभित्र पर्दछन्। यिनै लक्ष्यहरू प्राप्तिका क्रममा सन् २०१७ मा मात्रै लैङ्गिक विभेदकारी ३३ वटा कानूनहरू संशोधन या खारेज गरिए। बलात्कृत हुँदा ३५ दिनभित्र उजुरी गरिसक्नु पर्ने पहिलेको कानूनी समयसीमालाई बढाएर छ महिना पुऱ्याइएकोमा नयाँ देवानी संहिताले यसलाई अझ बढाएर एक वर्ष पुऱ्याएको छ।[४] घरेलु हिंसा र यौन-दुर्व्यवहारसँग जुध्न भिन्दाभिन्दै कानूनहरू बनाइएको छ।[५] ९ अगष्टमा अर्को कानूनलाई पारित गरियो, जसले छाउपडी प्रथालाई आपराधिक गतिविधि तुल्याउँछ।[६] त्यस्तै, २७ अक्टुवरमा नेपालको विधायिकाले एसिड-आक्रमणलाई कानूनतः आपराधिक कार्य तुल्यायो।[७] सन् २०१५ मा काठमाडौंको वसन्तपुरमा दुई जना युवतीहरु माथि गरिएको एसिड-आक्रमणपछि त्यस्ता अपराधीलाई कडा कानुनी कारवाही गर्न व्यापक जनदबाब परेको थियो। यो कानुनी व्यवस्था सोही जनदबाबको प्रतिफल हो।[८] ९ अगष्टमा पास गरिएको नयाँ फौजदारी कानूनले महिला हिंसासम्बन्धी कतिपय अपराधमा दिइने दण्ड-सजायमा वृद्धि गरेको छ। वैवाहिक बलात्कार[९] का साथसाथै बोक्सा/बोक्सीको आरोप लगाइ दुर्व्यवहार गर्नेहरू माथि पनि दण्ड-सजायमा वृद्धि गरी पाँच वर्षसम्म कैद सजाय हुनसक्ने प्रावधान राखिएको छ।[१०]

२४ जुन २०१७ मा नेपाल सरकारले जातीय आधारमा विभेद तथा छुवाछुत (अपराध र सजाय विरुद्ध) नियमावली[११] जारी गऱ्यो, जसले छुवाछुत, जातीय विभेद र बहिष्करणलाई आपराधिक क्रियाकलाप घोषित गऱ्यो।[१२] यसअघि बाबुको नाम राखेर मात्रै नागरिकता दिँदै आएकोमा २२ मे २०१७ को एउटा मुद्दामा सर्वोच्च अदालतले दीप्ती गुरुङकी छोरीलाई आमाको नाममा नागरिकता प्रदान गर्न आदेश दियो। न्यायालयको यो आदेश विद्यमान लैङ्गिक विभेदकारी व्यवहार निर्मूल गर्नमा अर्को कोशेढुंगा बनेको छ।[१३]

यी केही कानुनी प्रगतिका बाबजुद जातीय विभेद तथा महिला-हिंसा सर्वव्यापी जस्तै छन्, किनकि कानूनको कार्यान्वयन फितलो छ। सन् २०१६ मा गरिएको नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षणका अनुसार १५-४९ वर्ष उमेरसमूहका महिलामध्ये ७ प्रतिशतले यौन-हिंसा भोगेका छन् र कम्तिमा पाँचमा एक महिलाले उनको आफ्नो जीवनकालमा मानसिक, भौतिक र अन्य खालका हिंसा बेहोर्छन्। विवाहित महिलामध्ये एक-चौथाईभन्दा बढी (२६ प्रतिशत) ले जीवनसाथीबाट हिंसा बेहोरेका तथा यसरी हिंसाको शिकार भएकामध्ये दुई-तिहाईले (६६%) कुनै उपचार वा सहायता नखोजेको बताए।[१४] सामाजिक रुपमा छिछि-दुर्दुरको भयका साथै निरपेक्ष र अझै बेवास्ताकारी न्यायप्रणालीका कारण महिलाले यस्ता हिंसाको उजुरी गर्दैनन् र कानूनी उपचार खोज्दैनन्।[१५] यही कुरा जातीय छुवाछुतसम्बन्धी घटनाबारे पनि भन्न सकिन्छ, किनकि त्यस्ता घटना पनि विरलै उजुरी गरिन्छ या कानूनी उपचार खोजिन्छ।

यौन हिंसा र दुर्व्यवहारका घटनामा अदालतबाट कमै मात्र अपराध सावित हुन्छन् र त्यस्ता हिंसाको शिकार भएका पीडितहरूलाई अदालतबाहिरै मुद्दा सल्टाउन व्यापक दबाब दिइन्छ,[१६] जुन यी सरोकारवालाहरूको सम्बोधनमा दोहोरिइरहने समस्या हो।[१७] घरेलु हिंसाका मुद्दामा कानूनले नै पीडक र पीडितलाई मेलमिलाप गर्ने बाटो खोलिदिएको छ–यदि दुवै पक्षको सहमति हुने हो भने। तर, पीडितहरूले प्राय आफ्नो घर-परिवार बाहिर सहयोग पाउने संरचना नभएकाले उनीहरूलाई घरेलु हिंसाका जघन्य घटनामा

२ सन् १९९१ को महिला विरुद्धका सबैखाले विभेद उन्मूलन गर्ने सन्धि (सिड्अ) सन् १९६६ को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि सन् १९८४ को अमानवीय, आततायी र दुर्व्यवहारको उपचार तथा दण्डसम्बन्धी सन्धि समेत।

३ दिगो विकास लक्ष्यको अवस्था र अगाडिको बाटो सन् २०१६-२०३०, पृ २९-३०, राष्ट्रिय योजना आयोग, नेपाल।

४ हेर्नुहोस् : Why does Rape have a Low Conviction Rate in Nepal?

५ हेर्नुहोस् : INSEC Nepal Human Rights Yearbook 2018 p.10

६ छाउपडी एउटा रुढिवादी प्रथा हो जस अन्तर्गत महिलाहरूलाई महिनावारी हुँदा र बच्चा पाएपछि केही दिनका लागि अछूत र अपवित्र मानिन्छ र उनीहरूलाई घरमा सुत्न नदिई गोठमा सुत्न लगाइन्छ। हेर्नुहोस् : Nepali Teen Dies from Snake Bite in “Menstruation Hut”

७ कानूनको परिच्छेद १९३ मा यस्तो अपराधमा संलग्नलाई अपराधको जघन्यता हेरी पाँचदेखि आठ वर्षसम्म जेल र एक लाखदेखि तीन लाखसम्म जरिवाना हुनसक्ने भनिएको छ। हेर्नुहोस् : New Laws Criminalises Acid Attack

८ हेर्नुहोस् : एसिड छ्याप्दा काठमाडौंमा २ छात्रा घाइते।

९ हेर्नुहोस् : वैवाहिक बलात्कारमा ५ वर्ष जेल सजाय हुने

१० हेर्नुहोस् : Five-Year Jail Term for ‘Witchcraft’ Accusation

११ नेपालका अन्तराष्ट्रिय अनुबन्ध र सबैखाले जातीय विभेद अन्त्य गर्न कानूनी ढाँचाका लागि हेर्नुहोस् : Untouchability Still Entrenched

१२ हेर्नुहोस् : Caste Based Discrimination, Untouchability Punishable

१३ हेर्नुहोस् : सर्वोच्च अदालतद्वारा गुरुङ्ग दिदीबहिनीलाई आमाको नामबाट नागरिकता दिन आदेश।

१४ हेर्नुहोस् : Domestic Violence in Nepal and see Nepal Demographic Health Survey 2016

१५ हेर्नुहोस् : Intimate Partner Violence in Nepal: Not Just a Woman’s Issue

१६ हेर्नुहोस् : Why does Rape have a Low Conviction Rate in Nepal?

१७ घरेलु हिंसा सम्बन्धी सन् २००८ को कानुनको परिच्छेद ८ मा लेखिएको छ : घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ (२००९) को दफा ४ को उपदफा (८) अनुसार पीडितको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्नेछ भनी व्यवस्था गरेको छ।

पनि मेलमिलाप गर्न र मुद्दा सल्टाउन दबाब दिन सकिन्छ र दिइन्छ।[१८] घरेलु हिंसामा मात्रै यस्ता दबाबका घटना सीमित छैनन्। बलात्कार, यौन दुर्व्यवहार, यौन हिंसा, जातीय विभेद या छुवाछुत र अन्य फौजदारी अपराधमा पनि पीडितलाई मुद्दा फिर्ता लिन, पीडकसँग कुनै रकमको लेनदेन गरी सहमतिमा आउन दबाब दिइन्छ।[१९] पीडितका पक्षमा उभिने महिला मानव अधिकार रक्षकहरूलाई पनि पीडक पक्षका व्यक्तिहरुले बारम्बार धम्क्याउने गरेको समेत पाइन्छ।[२०]

त्यसै गरी, सन् २००७ को मानव ओसार-पसार तथा बेचबिखन नियन्त्रण ऐनले पीडितलाई केन्द्रमा राखी मानव-तस्करहरू उपर सजाय गर्ने व्यापक उद्देश्य[२१] राख्दछ। तथापि यो कानूनको पनि कार्यान्वयन फितलो छ र यस्ता अपराध नियन्त्रण गर्न सरकार सफल भएको छैन।[२२]

## यौन हिंसा र घरेलु हिंसा: सबैभन्दा धेरै हुने लैङ्गिक हिंसाका रुप

सन् २०१७ मा शान्ति अनुगमन परियोजनाले नेपाल भरमा घटेका ६८० वटा लैङ्गिक हिंसाका घटना अभिलेखिकरण गरेको थियो, यद्यपि वास्तविकतामा यो संख्या निकै ठूलो हुनसक्छ।[२३] यी अभिलेखिकरण गरिएका घटनामध्ये ४३० वटा बलात्कार वा बलात्कारका प्रयास जस्ता यौन हिंसाका घटना थिए। त्यस्तै, ११६ वटा घटना घरेलु हिंसाका घटना, सात वटा बाल-हत्याका घटना, बोक्सीको आरोप लगाएर त्यसपछि गरिएका हिंसाका घटना १३ वटा थिए भने चार वटाचाहिँ दाइजोसँग सम्बन्धी हिंसाका घटना थिए। घरेलु हिंसा बाहेक, लैङ्गिक हिंसाका घटनामा ४४ वटा हत्या र ५३ वटा कुटपिट वा भौतिक आक्रमण भएका थिए। अभिलेखांकन गरिएका मध्ये दुइटा घटना तेस्रोलिंगीमाथि भएका विभेद र हिंसाका घटना थिए, जसमध्ये एउटा घटनामा एक प्रहरी अधिकृतले तीन जना तेस्रोलिंगीलाई सुनसरीको इटहरीको एउटा प्रहरी कार्यालयमा यातना दिनुका साथै दुर्व्यवहार गरेका थिए।[२४]

लैङ्गिक हिंसाका प्रकारहरु




## दुर्व्यवहारको जोखिममा किशोरीहरू र अपांगता भएका व्यक्तिहरू

अभिलेखिकरण गरिएका ४३० वटा यौन हिंसाका घटनामध्ये ३८५ वटा बलात्कारका प्रयास या बलात्कारका घटना थिए। उल्लेख्य कुरा के छ भने, बलात्कार-पीडितमध्ये ३१९ जना (अथवा ८३ प्रतिशत) २५ वर्ष या कम उमेरका महिला थिए (हेर्नुहोस् पीडितको उमेर सम्बन्धी नक्शा) र आधाभन्दा बढी घटनामा पीडितहरू १६ वर्षभन्दा कम उमेरका बालिकाहरू छन्। यौन हिंसाका शिकार भएका नौ जना पीडितहरू अपांगता भएका महिला थिए।[२५] यसले किशोरीहरू र अपांगता भएका महिलाहरू यौन दुर्व्यवहारको मुख्य जोखिममा हुने कुराको संकेत गर्छ।

१८ हेर्नुहोस् : Violence Taking Its Toll On Women, Girls

१९ इटहरीमा १४ वर्षे किशोरीलाई सामूहिक बलात्कार गरिएको थियो, जसलाई स्थानीय प्रहरी चौकीमा पीडकसँग सहमति गर्न बाध्य तुल्याइयो। हेर्नुहोस् : Itahari Gang Rape: Preparation afoot to Suspend SP, Inspector; Reconciliation Out of Court Leading to Rise in Crime

२० हेर्नुहोस् : 'Human Rights Activists becoming Target of Perpetrators'

२१ हेर्नुहोस् : मानव ओसार-पसार तथा तस्करी (नियन्त्रण) कानून, सन् २००७ कार्यान्वयन Human Trafficking and Transportation (Control) Act, 2007: Implementation. यो कानुनको परिच्छेद ३ अनुसार मानव तस्करीमा संलग्न अपराधीलाई बीस वर्ष जेलसजाय र दुई लाख रुपियाँ जरीवाना हुने प्रावधान छ।

२२ ८ जनवरी २०१६ मा महानगरीय प्रहरी अपराध शाखाले मानव तस्करीबारे जानकारी पाउनका लागि एउटा हटलाइन (११७७) सञ्चालनमा ल्याएको थियो। हेर्नुहोस् : Measures Taken Against Human Trafficking

२३ महान्याधिवक्ताको कार्यालयका अनुसार सन् २०१७ मा मात्रै ११३१ वटा बलात्कारका घटना दर्ता भएका थिए। हेर्नुहोस् : Why does Rape have a Low Conviction Rate in Nepal?

२४ हेर्नुहोस् : प्रहरीले कन्डम कोच्याएको आरोप

२५ अपांगता भएका व्यक्तिहरूउपर भएका हिंसाका घटनाका विवरणका लागि हेर्नुहोस् : www.nepalmonitor.org/reports

# नेपालमा लैङ्गिक हिंसा र महिला तथा दलितमाथि हुने विभेदका घटना २०१७

## हिंसामा मृत्यु हुने मध्ये लैङ्गिक हिंसामा मृतको सङ्ख्या




## बलात्कार घटनाका पीडितको उमेर




## अभिलेखिकरण गरिएका लैङ्गिक हिंसाका घटना

**६८०**
घटनाहरु

**३८५**
बलात्कृत
• सबै महिला

**१४९**
मृत
• १४० महिला

## अभिलेखिकरण गरिएका जातिय बिभेदका घटना

**२४**
घटनाहरु

**२७**
घाइते
• ८ महिला

**१**
मृत
• ० महिला




सार्वजनिक रेकर्डमा भएका स्रोतहरुबाट NepalMonitor.org द्वारा संकलन गरिएको घटनाको सङ्ख्यामा आधारित । वास्तविक अंक बढी हुन सक्नेछ ।

This work is licensed under a Creative Commons Attribution-ShareAlike 4.0 International License by COCAP|NepalMonitor.org

यस्ता हिंसात्मक घटनाबाहेक, शान्ति अनुगमन परियोजनाले प्रतिवेदनका अनुसार, सन् २०१७ मा ११५ जना महिला र बालिका तथा चार जना बालकहरू नेपाल र भारतका विभिन्न स्थानबाट मुख्यतः नेपाल–भारत सीमा नाकाबाट मानव तस्करहरूको पकडबाट उद्धार गरिए।[२६] पाँच जना अपांगता भएका व्यक्तिहरूलाई उनीहरूकै घरबाट उद्धार गरियो, जहाँ उनीहरूलाई कोठाभित्र अमानवीय अवस्थामा थुनेर राखिएको थियो, र केहीलाई त साङ्लाले बाँधेर समेत राखिएको थियो।

## हिंसामा मारिनेहरूमा लैङ्गिक हिंसा मुख्य कारण

सन् २०१७ मा घटेका विभिन्न लैङ्गिक हिंसाका घटनामा १४९ व्यक्तिहरु मारिएका थिए जसमध्ये १४० जना महिला थिए। त्यी घटनामा ७५ जना आफ्नै श्रीमान वा घरेलु हिंसाबाट मारिएका थिए। सन् २०१७ मा भएका ४४६ हत्यामध्ये एक तिहाईको हत्या लैङ्गिक हिंसाका कारण भएको भन्न सकिन्छ। यसले नेपालमा हिंसात्मक घटनाबाट मृत्यु हुनेमा लैङ्गिक हिंसा एउटा प्रमुख कारक रहेको देखाउँछ (हेर्नुहोस् हत्याका कारणसम्बन्धी नक्शा)।[२७] सार्वजनिक भएका ६८० वटा लैङ्गिक हिंसाका घटनामध्ये १६३ घटनामा मुख्य पीडक घर परिवार वा नाता गोताभित्रकै व्यक्ति भएको पाइएको छ। घर परिवारका घटना बाहिर नल्याउने प्रवृत्तिका कारण यस्ता बाहिर नआएका अन्य थुप्रै घटना छन् भन्ने अनुमान सहजै लगाउन सकिन्छ।[२८]

यी हिंसात्मक घटनाहरूको भौगोलिक वितरण केलाउँदा रुपन्देही र सिराहा जिल्लामा सबैभन्दा धेरै (क्रमशः ४१ र ३६) लैङ्गिक हिंसाका घटना घटे त्यसैगरी सप्तरीमा ३१ वटा र काठमाडौंमा २६ वटा घटना घटेको देखिन्छ। यद्यपि, लैङ्गिक हिंसालाई जनसंख्याको अनुपात (प्रति लाख जनसंख्या) मा हेर्दा तेह्रथुम, मुगु, भोजपुर, सिराहा, सिन्धुपाल्चोक, इलाम, उदयपुर, मकवानपुर, गोरखा र म्याग्दी जिल्लामा धेरै लैङ्गिक हिंसाका घटना भएको देखिन्छ। नयाँ संघिय संरचनाको प्रदेश अनुसार सन् २०१७ मा प्रदेश २ मा सबैभन्दा धेरै १५१ घटनाहरु अभिलेखिकरण गरिए। त्यसपछि प्रदेश ५ मा सबैभन्दा धेरै १३९ घटनाहरु, प्रदेश १ मा १३२ घटनाहरु, प्रदेश ३ मा १२५ घटनाहरु, प्रदेश ४ मा ४९ घटनाहरु, प्रदेश ७ मा ४३ घटनाहरु र प्रदेश ६ मा ४१ घटनाहरु अभिलेखिकरण गरिए। जनसंख्याका आधारमा (प्रति लाख जनसंख्यामा) हेर्दा, प्रदेश २ र ५ मा सबैभन्दा धेरै लैङ्गिक हिंसाका घटनाहरु घटे।

## दलितमाथि हुने विभेद कायमै, तर सार्वजनिक अभिलेखमा पर्दैनन

सन् २०१७ मा शान्ति अनुगमन परियोजनाले नेपालभरिमा दलितविरुद्ध भएका जातीय भेदभावका २४ घटनाहरु अभिलेखांकन गरेको थियो, जसमध्ये २० वटामा हिंसा समेत भएको थियो। २७ जना व्यक्ति घाइते भएका थिए जसमध्ये ८ महिला थिए भने एउटी किशोरी र एक दम्पति मारिएका थिए। तर, यी संख्याले दलितमाथि हुने विभेद र उत्पीडनको सही प्रतिनिधित्व गर्दैनन्। सार्वजनिक जीवनमा दलितमाथि दिनदिनै विभेद गरिन्छ, तर ठूलै घटना भएमा मात्र ती सार्वजनिक हुन्छन् र अभिलेखमा पर्छन्। सन् २०१७ मा दलितमाथि भएका हिंसाका घटना केलाउँदा तिनमा दलितलाई मन्दिरमा छिर्न नदिने, वस्तु/सामान किन्न नदिने, गैरदलितका घरभित्र छिरेको कारण या होटलमा आफूले खाएका भाँडा नमाझेको निहुँमा पिट्ने/आक्रमण गर्ने, गैरदलितका सामान छोएको निहुँमा पैसा तिराउने, अथवा दलित विद्यार्थीलाई उनीहरूको घरको पारिवारिक पृष्ठभूमिका कारण कुटपिट गर्ने, दुःख दिने (बुली गर्ने), आदि पर्छन्।[२९] यी बाहेक, दलित र कथित उच्च जातका बीच हुने अन्तर्जातीय विवाहलाई अझै निन्दा र घृणाको नजरले हेरिन्छ भने कहिलेकाहीँ सोही कारण दुःखदायी घटना हुन्छन्। उदाहरणका लागि, ९ सेप्टेम्बरमा सुर्खेतमा एउटा दलित परिवारमाथि आक्रमण गरियो, किनभने त्यो परिवारको छोराले कथित उच्च जातकी छोरी बिहे गरेका थिए।[३०] त्यस्तै, ३ जुलाईमा रुपन्देहीमा एउटा युगल जोडी माथि उनीहरूको अन्तर्जातीय सम्बन्धकै कारण आक्रमण गरियो।[३१] २० जनवरीमा झापाको कन्काई नगरपालिकामा बिरिङ खोलामा एक जोडीले आत्महत्या गरे। ब्राह्मण युवा र दलित युवतीको त्यो जोडीले त्यसरी आत्महत्या गर्नुको कारण उनीहरूको सम्बन्धलाई समाजले अस्वीकार गर्नु नै थियो।[३२]

## निर्वाचनमा महिला र दलितको प्रतिनिधित्व

जनप्रतिनिधि मूलक संस्थामा सीमान्तकृत समूह र महिलाको कस्तो प्रतिनिधित्व हुन्छ, र तिनले निर्णय प्रकृयामा कस्तो भूमिका निर्वाह गर्छन् भन्ने तथ्यले कुनै पनि समाजमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवस्था प्रष्ट पार्छन्। सन् २०१७

२६ मानव तस्करीसम्बन्धी विवरणका लागि हेर्नुहोस् : www.nepalmonitor.org/reports

२७ नेपाल मोनिटरले संकलन गरेको तथ्यांक अनुसार सन् २०१७ मा नेपालमा हिंसात्मक घटनामा मारिएका ४४६ जनामध्ये १६८ जना महिला अथवा बालिका थिए।

२८ नेपाल जानसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार अविवाहित महिलामध्ये २ प्रतिशतले, विवाहितमध्ये ८ प्रतिशतले र विधवा भएका, छुट्टिएर बसेका या पारपाचुके गरेकामध्ये २० प्रतिशत महिलाले यौन–हिंसा भोगेका छन् र यसरी यौन–हिंसा भोग्नेमध्ये ४ प्रतिशतले आफ्नो वर्तमान या पूर्व लोग्नेबाट त्यस्तो हिंसा बेहोरेका हुन्।

२९ सन् २०१७ मा भएका जातीय विभेदका घटनाका विवरण हेर्नका लागि हेर्नुहोस् : www.nepalmonitor.org/reports

३० हेर्नुहोस् : गैरदलितकी छोरी विहे गर्दा कुटियो दलित परिवार

३१ हेर्नुहोस् : प्रेम गरेको भन्दै युवतीमाथि कुटपिट

३२ हेर्नुहोस् : परिवारले प्रेमसम्बन्ध अस्वीकार गर्दा जोडीद्वारा आत्महत्या

मा संघीय संरचनाका सबै तीन तह (संघ, प्रदेश र स्थानीय) का निर्वाचन[33] सम्पन्न भए। आफूले संविधानमा समावेशिता र सहभागिताका सिद्धान्तमार्फत सामाजिक सुधार गर्न र जातीय, लैंगिय, वर्गीय, धार्मिक र भूगोलका आधारमा हुने विभेद उन्मूलन गर्न गरेको प्रतिबद्धता पूरा गर्नेतर्फ पाइला चाल्न यी निर्वाचनले नेपाललाई एउटा अवसर दिएको थियो। खास गरी महिला र दलितको प्रतिनिधित्व बढाउन कानुनी रुपमै विभिन्न व्यवस्था गरिएको छ। उदाहरणका लागि, सन् २०१५ मा ल्याइएको स्थानीय निर्वाचन कानूनमा प्रत्येक वडामा पाँच जना जनप्रतिनिधि रहने र तीमध्ये दुई सदस्यमा महिला अनिवार्य र ती दुई महिलामध्ये पनि एक जना दलित अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ।[34] तसर्थ, ३६,६३९ स्थानीय जनप्रतिनिधि निर्वाचित हुँदा १३,३६० जना महिला र त्यसमध्ये ६,७९३ दलित महिला निर्वाचित भएर आउने व्यवस्था भएको थियो।[35] गाउँपालिका र नगरपालिकाका निर्वाचनमा प्रतिस्पर्धा गर्ने दलहरूले ती निकायका प्रमुख र उपप्रमुखमध्ये एकमा महिलालाई उठाउनुपर्ने प्रावधान समेत कानूनमा राखिएको छ।[३६] संघीय विधायिकाको कुरा गर्दा, प्रतिनिधि सभा र राष्ट्रिय सभामा कम्तिमा एक-तिहाई महिला निर्वाचित हुनुपर्ने सवैधानिक व्यवस्था छ भने समानुपातिक रुपमा दलहरूले कम्तिमा ५० प्रतिशत महिला हुनुपर्ने सवैधानिक व्यवस्था गरिएको छ।[३७]



Photo courtesy: Abha Kumari Singh (Setu)



## ८

## निर्वाचनको अवधिमा घटेका लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी घटना

सामाजिक समावेशीकरणका निम्ति यी प्रावधानहरू निकै महत्वपूर्ण कदम हुन्। यिनै प्रावधानका कारण मुलुककै इतिहासमा सबैभन्दा समावेशी निर्वाचित संरचना/निकाय तयार भएका छन् र सबै तहमा गरी ४१ प्रतिशत महिला निर्वाचित भएका छन्। यीमध्ये १४,३५२ महिला स्थानीय तहमा, १८९ महिला प्रादेशिक तहमा र १११ महिला संघीय तहमा निर्वाचित भएका हुन्।[३८] यद्यपि, निर्वाचनका तथ्यांकलाई विश्लेषण गर्ने हो भने राजनीतिक दलहरूले अझै सुधार गर्न बाँकी भएको देखाउँछ, किनभने उनीहरूले समावेशिताको मर्मलाई आत्मसात गर्नुभन्दा पनि कानुनी/संवैधानिक हिसाबले तोकिएका न्यूनतम पदपूर्ति मात्र गरेका छन्। स्थानीय तहको कुरा गर्दा, कानुनी प्रावधानका कारण ७,७३७ दलित प्रतिनिधि निर्वाचित भएका छन्, जसमध्ये ८८ प्रतिशत महिला छन्। दलित पुरुषहरूको राजनीतिक दलहरूमा सक्रिय सहभागिताका बाबजुद पनि उनीहरूको प्रतिनिधित्व १२ प्रतिशत मात्र छ।[३९] यदि आरक्षित पदलाई बाहिर राखेर हेर्ने हो भने दलितको प्रतिनिधित्व जम्मा ३.३ प्रतिशत मात्र हुन आउँछ।[४०] निर्वाचित मेयर र उपमेयरहरूलाई जातीय हिसाबमा वर्गीकरण गरेर हेर्दा दलितको प्रतिनिधित्व क्रमशः १.९ र ४.१ प्रतिशत मात्र पुग्छ।[41] निर्वाचित मेयर (नगरपालिका) र प्रमुख (गाउँपालिका) मध्ये महिलाहरूको प्रतिनिधित्व जम्मा २ प्रतिशत मात्र छ। उप-मेयर/प्रमुखमा भने ९० प्रतिशत महिला निर्वाचित भएका छन्।[४२]आरक्षित पदभन्दा बाहिर महिला निर्वाचित भएका पदलाई केलाउँदा वडा सदस्यमा २ प्रतिशत र वडा अध्यक्षमा १ प्रतिशत महिला निर्वाचित भएको देखिन्छ।[४३]

समानुपातिक निर्वाचन प्रणालीमा छुट्याइएका सातवटा वर्गको प्रतिनिधित्वलाई केलाउँदा जनसंख्याको अनुपातमा दलित र महिलाको संघीय विधायिकामा प्रतिनिधित्व सबैभन्दा कम छ। दलितको सबैभन्दा कम प्रतिनिधित्व छ, जुन मात्र ७ प्रतिशत (२० प्रतिनिधि) हुन जान्छ । त्यसैगरी संसदमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत मात्र रहेको छ।[४४] फस्ट-पार्स्ट-दि-पोस्ट अर्न्तगत प्रतिनिधि सभामा प्रत्यक्ष तर्फ बाट ६ जना महिलाहरु चुनिएका थिए, जसमध्ये एक जना पनि दलित महिला थिएनन्। यो

..................

३३ रुपान्तरित विधायिका (संसद) को समयावधि २५ जनवरी २०१८ सम्ममा स्थानीय, प्रादेशिक र संघीय तीनै तहको निर्वाचन सम्पन्न गरिसक्नुपर्ने संवैधानिक बाध्यता थियो। तसर्थ, पछिल्लो स्थानीय चुनाव भएको करिव २० वर्षपछि नेपालमा तीन चरण (मे १४, जुन २८ र सेप्टेम्बर १८, २०१७) मा स्थानीय निर्वाचन सम्पन्न भयो। त्यसैगरी संघीय विधायिकाको तल्लो सदन र प्रादेशिक सभाका निर्वाचनहरू दुई चरण (नोभेम्बर २६ र डिसेम्बर ७, २०१७) मा सम्पन्न गरिए।

३४ हेर्नुहोस् : EC Urges All Parties to Ensure Women's Participation in Polls

३५ ऐजन

३६ हेर्नुहोस् : Data Reveals Local Elections a Disaster for Gender Equality

३७ हेर्नुहोस् : Parties Leave Out Women, Dalits in Candidate Selection

३८ हेर्नुहोस् : महिलाका लागि ऐतिहासिक वर्ष, वडादेखि राष्ट्रपतिसम्म ४९ प्रतिशत प्रतिनिधित्व

३९ ऐजन

४० नेपालको जनसंख्याको १३.८ प्रतिशत दलित छन्। स्थानीय सरकारमा दलित महिलाका लागि १९.२ प्रतिशत पद (सदस्य) आरक्षित गरिएको छ। हेर्नुहोस्: How Quotas Provided a Footing but Left Inequality Unresolved; Dalits in the Local Election

४१ हेर्नुहोस् : Dalits and Women the Most Underrepresented in Parliament

४२ हेर्नुहोस् : Cornered: Why Nepal's Women Have Lost in the Local Elections

४३ हेर्नुहोस् : Data Reveals Local Elections a Disaster for Gender Equality

४४ हेर्नुहोस् : Dalits and Women the Most Underrepresented in Parliament

प्रतिनिधित्व सन् २००८ र २०१३ का संविधान सभा निर्वाचनमा भन्दा कम हो।[४५] एउटा समाचारमा टिप्पणी गरिए जस्तै, "सबै राजनीतिक दलहरूले उस्तै प्रवृत्ति देखाएका छन्, पुरुषहरूलाई प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनमा प्राथमिकता दिने र महिलालाई समानुपातिक प्रणालीबाट क्षतिपूर्ति गरी प्रतिनिधित्व दिलाउने।"[४६] त्यसबाहेक, निर्वाचनका दिन सवारीसाधनहरू सञ्चालनमा लगाइने रोकले पनि खास गरी अपांगता भएका व्यक्तिहरूलाई मत हाल्नमा अवरोध पुऱ्याएको सम्बन्धमा पनि सरोकार व्यक्त गरिएको पाइन्छ।[४७]

शान्ति अनुगमन परियोजनाले सन् २०१७ को निर्वाचन क्रममा दलित र महिलाको सहभागिता सम्बन्धमा भएका आठ वटा घटनाहरू अभिलेखिकरण गरेको थियो, जसमध्ये पाँच वटामा कुनै न कुनै प्रकारका भौतिक हिंसा भएको थियो। मे १० मा कास्की जिल्लामा भएको घटनामा वडा सदस्य पदका लागि उमेद्वार भएकी एउटी महिला सदस्यलाई उनका श्रीमानले उमेद्वारी फिर्ता लिन भन्दा नमानेकोले कुटपिट गरेको घटना सार्वजनिक भएको थियो। ती महिलाका जेठाजु विपक्षी दलबाट वडा अध्यक्षको उमेद्वार भएका र उनको जीत सुनिश्चित गर्नका लागि ती महिलाको उमेद्वारी फिर्ता गर्न दबाब परेको थियो।[४८]

सामाजिक समावेशीकरण सम्बन्धी यी नीतिहरूको स्थानीय निर्णय प्रकृयामा के-कस्तो प्रभाव पर्छ सोबारे अहिले नै भन्नु अलि छिटो हुन्छ। तथापि, परियोजना सञ्चालित जिल्लामा छलफल क्रममा व्यक्त केही प्रतिक्रियाले चुनौती ठूलै हुने संकेत गर्छन्। दक्षिणकाली नगरपालिकाको एउटा वडाकी सदस्यको प्रतिकृयाले धेरै कुरा बताउँछ। उनी भन्छिन्: "नगरपालिकाको कार्यकारी सदस्य र निर्वाचित दलित महिला सदस्य भएकाले आफूले प्रतिनिधित्व गर्ने जनता र समुदायका सरोकारका मुद्दा उठाउनु मेरो कर्तव्य हो। नगर परिषद्मा मैले यी मुद्दा उठाउँदा मेयरले टाउको हल्लाएर मेरा कुराको समर्थन गरेजस्तो गर्नुहुन्छ, तर उहाँले कहिल्यै आवश्यक कारवाही गर्नुहुन्न। मलाई के लाग्छ भने मेरो कुरा भलाद्मी पाराले बेवास्ता गरिन्छ। जब म यी कुरा वडामा उठाउँछु, वडा अध्यक्षले त सीधै त्यसलाई नकार्दिनुहुन्छ। महिला भएकाले, दलित भएकाले र सानो दलको प्रतिनिधि भएकाले मेरा मुद्दाहरू यसरी नजरअन्दाज गरिएका हुन् भन्ने म ठान्छु।"

## सीएम-जेसी परियोजना सञ्चालित दश जिल्लामा लैङ्गिक हिंसा र जातीय विभेदका घटना

सन् २०१७ मा सीएम-जेसी ले परियोजना सञ्चालित १० जिल्लामा ६९ वटा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सरोकारका घटनाको अभिलेखांकन गरेको थियो।[४९] यी ६९ वटा घटनामध्ये ६५ वटा लैङ्गिक हिंसा र ४ वटा जातीय विभेदका घटना थिए। ३७ वटा यौनजन्य हिंसाका घटना सहित यौन हिंसा हिंसात्मक घटनाको मुख्य कारण बनेको छ । साथै १२ वटा घटना सहित घरेलु हिंसा दोस्रो मुख्य कारण बनेको छ । यौन हिंसाको शिकार भएका घटनामा २९ जना पीडित २५ वर्षभन्दा कम उमेरका थिए। परियोजना सञ्चालित १० जिल्लामध्ये काठमाडौंमा सबैभन्दा बढी २७ वटा लैङ्गिक हिंसा र सामाजिक समावेशीकरणको सरोकार सम्बन्धी घटना भएका थिए। त्यसै गरी, यस्ता घटना कैलालीमा ८ वटा, धादिङ, दोलखा र नुवाकोटमा ७/७ वटा, कास्की, रामेछाप र सिन्धुलीमा ४/४ वटा र रसुवा जिल्लामा एउटा भएका थिए।[५०] अछाम जिल्लामा सार्वजनिक अभिलेखमा सो अवधिमा त्यस्ता घटनाको अभिलेख फेला परेन।[५१] प्रतिलाख जनसंख्यामा भएका त्यस्ता घटनालाई अनुपात केलाउँदा भने नेपालका ७५ जिल्ला (हाल ७७) मध्ये काठमाडौं ५६ औं श्रेणीमा पर्छ।

तालिका १: परियोजना संचालित दश जिल्लामा भएका जेसी सम्बन्धी घटना

| जिल्ला | लैङ्गिक र सामाजिक समावेशीकरण सम्बन्धी घटनाको संख्या | लैङ्गिक हिंसा सम्बन्धी घटनाको संख्या | प्रतिलाख जनसंख्याको अनुपातमा लैङ्गिक हिंसाको जिल्ला श्रेणी |
|---|---|---|---|
| धादिङ | ७ | ६ | ४८ |
| दोलखा | ७ | ६ | २३ |
| कैलाली | ८ | ७ | ६३ |
| कास्की | ४ | ४ | ६४ |
| काठमाडौं | २७ | २६ | ५६ |
| नुवाकोट | ७ | ७ | ३४ |
| रामेछाप | ४ | ४ | ४५ |
| रसुवा | १ | १ | ४० |
| सिन्धुली | ४ | ४ | ५८ |

४५ हेर्नुहोस् : No. of Directly Elected Female Candidates Slumps Further

४६ हेर्नुहोस् : Dalits and Women the Most Underrepresented in Parliament

४७ हेर्नुहोस् : Differently Able to Lead

४८ हेर्नुहोस् : महिला वडा सदस्य उम्मेदवार पतिबाट कुटिइन्

४९ परियोजना सञ्चालन भएका दश जिल्ला काठमाडौं, कैलाली, कास्की, नुवाकोट, सिन्धुली, धादिङ, रामेछाप, दोलखा, अछाम र रसुवा हुन्। यी जिल्ला कसरी छनोट गरिए भनेर जान्न यो प्रतिवेदनको प्रारम्भमा दिइएको सीएम-जेसी परियोजना विवरण हेर्नुहोस्।

५० काठमाडौंमा अन्य जिल्लामा भन्दा धेरै र ठूला मिडियाहरू भएकाले यस्ता विभिन्न घटनाबारे आउने समाचार धेरै हुन्छन्। त्यस बाहेक, काठमाडौंको जनघनत्व अन्यत्रको भन्दा ज्यादै बढी भएकाले पनि यहाँ लैङ्गिक हिंसाका घटना बढी भएका हुनसक्छन्।

५१ यसको कारण सम्बन्धित जिल्ला पिछडीएको क्षेत्र भएको र साथै त्यहाँका वासिन्दाहरुको संचार र समाचारमा कम पहूँच हुनु पनि हो । साथै विवादका मुद्दाहरु अदालत र औपचारिक न्याय प्रणाली बाहिर सुल्झाउने अभ्यास पनि कारण हुन सक्दछ ।

# निष्कर्ष

सन् २०१८ को जनवरी देखि मार्च महिनासम्म यस परियोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) संग सम्बन्धित २५४ वटा हिंसा तथा प्रदर्शनका घटनाहरुको अभिलेखिकरण गऱ्यो। अभिलेखिकरण गरिएका कुल २५४ घटनाहरु मध्ये लैङ्गिक हिंसाका २४९ घटनाहरु पहिले जस्तै निरन्तर हिंसाका मूख्य कारक रहे। १६८ महिला तथा युवतीहरु बलात्कार वा बलात्कार प्रयासबाट पीडित भए जसमध्ये १४० जना २५ वर्ष वा सो भन्दा मुनिका थिए। लैङ्गिक हिंसाबाट मारिनेको संख्या ३५ रहेको थियो। यो परियोजनामा यस अवधिको समिक्षा गर्दा दलित विरुद्ध हुने हिंसाका ५ वटा घटनाहरु अभिलेखिकरण गरिए। यो प्रकारको हिंसाहरु यस घटना–अनुगमन प्रतिवेदन २०१७ मा अभिलेखिकरण गरिएका घटनाका प्रवृत्तिसंग मिल्दो जुल्दो रहेको छ जसमध्ये नेपाल भरमा मारिएका व्यक्तिहरु मध्ये एक तिहाई लैङ्गिक हिंसाका पिडीत थिए जुन चाँहि नेपालमा सो वर्ष घटेका गम्भीर घटनाहरुको प्रमूख कारण रहेको थियो। सन् २०१८ को पहिलो तीन महिनामा अभिलेखिकरण गरिएका घटनाहरुमा भएको हल्का वृद्धिले घटनाका प्रतिवेदनको संख्या वृद्धि भएको जनाउछ, यद्यपि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको संवेदनशिलताको निरन्तर आवश्यकता देखाउदछ।

यस घटना–अनुगमन प्रतिवेदनले लैङ्गिक हिंसा र दलित विरुद्ध हुने हिंसाका प्रवृत्ति र तथ्यांक विश्लेषण प्रस्तुत गर्दछ जुन चाँहि सम्बन्धित सरोकारवालाहरुले उठाइएका मुद्दाहरुको सम्बोधन गर्न तथा सम्बन्धित नीतिहरु बारे जानकार गराउन सान्दर्भिक रहेको छ। यहाँ अभिलेखिकरण गरिएका तथ्यांकहरु जेसी मुद्दाहरुको सम्बोधनका लागि सत्य–तथ्यमा आधारित वकालत गर्न निकै महत्वपूर्ण रहेको छ। लैङ्गिक हिंसा र दलित विरुद्ध हुने हिंसाहरु सम्बोधन गर्नका लागि यहाँ रहेका सूचना तथा जानकारीहरु बृहत सरोकारवालाहरु माझ पुऱ्याउन पनि झनै महत्वपूर्ण छ। पैरवीका लागि तथ्यांक संकलनमा बढावा दिनु अझ महत्वपूर्ण छ र यस क्रममा जेसी मुद्दाहरुको विश्लेषण गर्न सरोकारवालाहरुको सहयोगले यसलाई अझै सुदृढ बनाउछ। यस्तो काम मुख्यतः जेसी सम्बन्धि नीति र कार्यक्रमहरुका सूचनाका प्रतिवेदनहरुको पहुँच वृद्धि गराई नेपालमा रहेका महिला, युवती तथा दलितहरुको अधिकार सुनिश्चितता तथा सम्मान गर्नेमा केन्द्रित रहनेछ।

शान्तिका लागि साझा अभियान (कोक्याप) जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंमा मिति २०५९ पौष २ गते दर्ता भई समाज कल्याण परिषद्मा आवद्ध भई नेपालमा शान्ति, मानवअधिकार र लोकतन्त्रको क्षेत्रमा काम गर्दै आईरहेको २९ जिल्लाका ४३ वटा संस्थाहरुको राष्ट्रिय सञ्जाल हो। यसले शान्ति तथा मानवअधिकारका क्षेत्रमा सञ्जालका सदस्य संस्था र स्वयंसेवकहरु सँगको सहकार्यमा विभिन्न स्थानीय, क्षेत्रीय र राष्ट्रव्यापी अभियानहरु समेत सञ्चालन गर्दै आइरहेको छ।

नेपाल मोनिटर स्थानीय संघ-संस्थलाई आफ्नो क्षेत्रमा भइरहेका मानवअधिकार तथा सुरक्षाका घटनाहरूबारे सचेत पार्न तयार गरिएको एक प्रणाली हो। पीस ब्रिगेड्स इन्टरनेशनल (पीबीआई) को सहयोगमा यो परियोजना सञ्चालन गरिएको छ। यसले सजिलै संग स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरूबारे जानकारी/सूचना आदान-प्रदान गर्न मद्दत गर्दछ। यसले तपाईंको संस्थालाई आसपासमा हुने घटनाबारे प्रतिक्रिया व्यक्त गर्न र त्यस्ता घटनाबाट आफूलाई सुरक्षित राख्न सहयोग गर्दछ। यसबारे थप जानकारी www.nepalmonitor.org मा उपलब्ध छ।

नेपाल शान्ति अनुगमन परियोजना कोक्याप - नेपाल मोनिटर र एशिया फाउण्डेशनको संयुक्त प्रयास हो। नेपाल मोनिटर प्लेटफर्ममा घटनाका विवरण थप्दै हिंसा र द्वन्द्वबारेका हाम्रो बुझाई र विचारलाई बढोत्तरी गर्नेतर्फ यो परियोजनाले ध्यान केन्द्रित गर्दछ। दिगो विकासका लक्षको बुँदा १६.१ (सबै खाले हिंसा र तत्सम्बन्धी मृत्यु दर) र बुँदा ५.२ (महिलाविरुद्धका हिंसाको अन्त्य) मा नेपालमा भएको प्रगति अनुगमन गर्न पनि यो परियोजनाले सहयोग गर्दछ। राष्ट्रिय पत्रपत्रिकाका साथै विभिन्न २५ जिल्लाबाट प्रकाशित स्थानीय पत्रिकाहरू र प्रहरी, मानव अधिकारवादी संगठनहरू, नागरिक समाजका संगठनहरू, र नागरिकहरूबाट प्रत्यक्ष प्राप्त हुने सूचना तथा जानकारीहरू मार्फत यसले तथ्यांक संकलन गर्छ। नेपाल मोनिटरले विभिन्न प्रतिष्ठित संस्थाहरू, सञ्चार माध्यम र प्रत्यक्ष रुपमा पठाइएका प्रतिवेदनहरूको नक्सांकन गर्दछ। यस परियोजनाको नियमित विश्लेषण र अपडेटका लागि www.nepalmonitor.org/blog हेर्नुहोस्।

Collective Campaign for Peace (COCAP)
National Secretariat
Anamnagar - 29, Kathmandu, Nepal
G.P.O.Box 1896

P 977.1.4265143/4260498
F 977-1- 4260498
info@cocap.org.np
www.cocap.org.np